आज मिति २०८१ साल पौष २९ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को आठौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रेकम पोखेल | लेखापाल | |
| २ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ३ | श्रीजना पुन | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## आठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा अनुमोदन सम्बन्धमा ।

२. राजश्व परामर्श तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

३. बजार क्षेत्रमा ABC Cable जडान सम्बन्धमा ।

४. योजना सञ्चालन सम्बन्धमा ।

## २०८१ पौष २९ गते बसेको आठौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा अनुमोदन सम्बन्धमा । | आ.व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्त नतिजा कार्यपालिकावाट स्वीकृत भै अन्तिम नतिजा सार्वजनिक गर्नु पर्ने भएको । | आ.व. २०८०।०८१ को स्थानीय तहको संस्थागत स्वमूल्याङ्कनका कार्य सम्पन्न भै जिल्ला समन्वय समितिवाट पृष्टपोषण गर्ने कार्य समेत सम्पन्न भै सकेकोले सोको प्राप्त नतिजा (८९%) लाई स्वीकृत गरी अन्तिम नतिजा सार्वजनिकीरण गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | राजश्व परामर्श तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा । | राजश्व परामर्श तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय अनुमोदन गर्न आवश्यक रहेको । | मिति २०८१/०९/२७ गते बसेको राजश्व परामर्श समितिको बैठकको निर्णय र मिति २०८०/०९/२८ गते बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णयलाई अनुमोदन गरि नेपाल सरकार, अर्थ मन्त्रालय र लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा तत्काल पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | बजार क्षेत्रमा ABC Cable जडान सम्बन्धमा । | सुलिचौर र रुइनिबाङ बजार क्षेत्रका विद्युतिय दुर्घटनालाई मध्यनजर गरी ACSR Conductor लाई प्रतिस्थापन गरी ABC Cable तार जडान गर्न आवश्यक रहेको । | सुलिचौर र रुइनिबाङ बजार क्षेत्रका विद्युत लाइनमा ACSR Conductor जडान भएको र ACSR Conductor ले घरको छाना, छत छुई विद्युतिय दुर्घटनाको उच्च जोखिममा रहेको हुदाँ उक्त ACSR Conductor लाई प्रतिस्थापन गरी ABC Cable तार जडानका लागि नेपाल विद्युत प्राधिकरण रोल्पा वितरण केन्द्रसँग सम्झौता गरी जडान कार्यलाई अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | योजना सञ्चालन सम्बन्धमा । | गाउँपालिका र वडा स्तरबाट सञ्चालन हुने योजनाहरु तत्काल कार्यान्वयन गर्न आवश्यक रहेको । | गाउँपालिका तथा वडा स्तरबाट सञ्चालन हुने योजनाहरु तत्काल कार्यान्वयन प्रकृयामा लैजान योजना संझौता भएका योजनाहरु तत्काल सञ्चालन गर्न उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई निर्देशन गर्ने तथा योजना संझौता नभएका योजनाहरुको हकमा योजना शाखाबाट वडा स्तरमा पुगि संझौता प्रकृया अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रसाद रिजाल